# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❐ वर्ष : २५ ❐ अंक : २३३ ❐ शुक्रवार, २२ जेठ, २०८३ ❐ Friday, 5 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०



# कर्णालीमा आलोपालो सरकारको समय नजिकिँदै, बजेटपछि पुनर्गठनको सम्भावना

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ जेठ

देशका अन्य प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेबीच बनेका गठबन्धन सरकारको नेतृत्व परिवर्तनबारे चर्चा चलिरहेका बेला कर्णाली प्रदेशमा भने सत्ता हस्तान्तरणको विषय अझै सतहमा आएको छैन। जेनजी आन्दोलन अगाडी केन्द्रमा कांग्रेस एमाले गठबन्धन बनेपछि भएको आलोपालो नेतृत्वको सहमतिअनुसार कर्णाली प्रदेश सरकारको नेतृत्व अब कांग्रेसले पाउनुपर्ने अवस्था छ। तर, सत्ता हस्तान्तरणको समय नजिकिँदै जाँदा पनि प्रदेशको राजनीतिक वृत्तमा यसबारे खुला बहस हुन सकेको छैन।

हाल एमाले संसदीय दलका नेता यामलाल कँडेल कांग्रेसको समर्थनमा मुख्यमन्त्री छन्। २०८० चैतमा गठबन्धनको सहमतिअनुसार सरकारको नेतृत्व एमालेले पाएको थियो। सोही सहमतिअनुसार अब नेतृत्व कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीलाई हस्तान्तरण गर्नुपर्नेछ। तर सत्ता परिवर्तनको विषयमा न कांग्रेसले औपचारिक रूपमा दबाब दिएको छ, न एमालेले नेतृत्व हस्तान्तरणका लागि कुनै प्रक्रिया अघि बढाएको छ।

कांग्रेसका सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले सार्वजनिक रूपमा प्रदेश सरकार हरूको नेतृत्व परिवर्तनबारे धारणा राखिसकेका छन्। उनीहरूले आलोपालो सहमतिअनुसार प्रदेशहरूमा नेतृत्व परिवर्तन हुनुपर्ने बताएका छन्। तर कर्णालीमा भने कांग्रेस स्वयं नेतृत्व लिने विषयमा एकमत देखिएको छैन।





मुख्यमन्त्रीको वेटिङमा रहेका कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीले अहिलेसम्म यस विषयमा सार्वजनिक धारणा व्यक्त गरेका छैनन्। कांग्रेसभित्रका केही नेताहरूले सत्ता हस्तान्तरणको विषय उठाए पनि शाहीको मौनतालाई अर्थपूर्ण रूपमा हेरिएको छ। राजनीतिक वृत्तमा उनको मौनतालाई विभिन्न कोणबाट विश्लेषण गर्न थालिएको छ।

गत वर्ष भदौमा भएको जेनजी आन्दोलनअघि सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै पटक-पटक सरकार छाड्ने चेतावनी दिने शाही अहिले नेतृत्व आफ्नो पक्षमा आउने समय नजिकिँदा पनि सक्रिय नदेखिनुलाई धेरैले चासोका साथ हेरेका छन्। कांग्रेसभित्रकै एक नेताका अनुसार पार्टी सभापति गगन थापाको सुर्खेत भ्रमणपछि सरकार परिवर्तनको विषयमा केही सांसदहरूले चासो देखाएका थिए। तर पार्टीका प्रभावशाली नेता तथा निवर्तमान उपसभापति पूर्णबहादुर खड्काले राष्ट्रिय राजनीतिक परिस्थितिलाई ध्यान दिनुपर्ने सुझाव दिएपछि विषय तत्कालका लागि सेलाएको बताइन्छ।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक हिक्मत विष्टले पार्टीले सरकारको नेतृत्व लिने निर्णय गरिसकेको भए पनि दलका नेता शाहीले आवश्यक सक्रियता नदेखाएको बताएका छन्। उनका अनुसार सत्ता हस्तान्तरणको विषयमा एमाले पनि नकारात्मक छैन। गठबन्धनको सहमतिअनुसार नेतृत्व परिवर्तन हुनुपर्नेमा कांग्रेस स्पष्ट रहेको उनले बताए। विष्टका अनुसार अहिले सरकार आगामी आर्थिक वर्ष २०८३/०८४ को निति तथा कार्यक्रम ल्याएपनी बजेट निर्माण बाँकी रहेकोले नेतृत्व परिवर्तनको विषयले प्राथमिकता पाएको छैन। बजेट पारित भएपछि भने गठबन्धनका शीर्ष नेताबीच निर्णायक छलफल हुने सम्भावना रहेको उनले संकेत गरेका छन्। उता एमालेले भने केन्द्रको निर्णयलाई नै अन्तिम आधार मान्ने रणनीति लिएको देखिन्छ। एमाले संसदीय दलका प्रमुख सचेतक टेकराज पछाईका अनुसार सरकारको नेतृत्व कांग्रेसलाई हस्तान्तरण गर्ने विषयमा हालसम्म कुनै औपचारिक छलफल भएको छैन। यद्यपि केन्द्रमा भएको सहमतिअनुसार भविष्यमा यसबारे छलफल हुने उनले बताएका छन्। पछाई भन्छन्, सरकारको नेतृत्व परिवर्तनको विषयमा केन्द्रले जे निर्णय गर्छ, प्रदेशले त्यही अनुसार अघि बढ्छ। अहिलेसम्म कुनै औपचारिक छलफल भएको छैन, तर सहमतिअनुसार नेतृत्व हस्तान्तरणको विषय स्वाभाविक रूपमा उठ्नेछ।

**मन्त्री हेरफेरको विषयले भने पायो गति**

मुख्यमन्त्री परिवर्तनको विषय शान्त देखिए पनि मन्त्री हेरफेरको बहस भने कांग्रेस र एमाले दुवै दलमा तीव्र बन्दै गएको छ। सरकारमा सहभागी केही मन्त्रीहरूको कार्यसम्पादन सन्तोषजनक नभएको निष्कर्ष दलभित्र बन्न थालेपछि पुनर्गठनको आवाज

बाँकी पृष्ठ २

# 'समृद्धिको ढोका खोल्न आएको हुँ, हल्लाको पछाडि नलाग्नू'




❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २१ जेठ

रास्वपाका सभापति रवि लामिछानेले आफूहरू सरकार सञ्चालनको सुरुवाती दिनमा रहेको बताएका छन्। दिल्लीमा आयोजित कार्यक्रममा बोल्दै हल्लाको पछाडि नलाग्न आग्रह गर्दै देशलाई निकास दिएरै छाड्ने बताए।

उनले भने, 'नयाँ दिल्लीमा राजनीतिक ढोका खोल्न त धेरै मानिसहरू आए, म यसपटक समृद्धिको ढोका खोल्न नयाँ दिल्ली आएको हुँ। समृद्ध नेपालको सपना हामीले सिङ्गो युगदेखि देखिरहेका थियौं, त्यसमा सहकार्य गर्ने एजेण्डा बोकेर आएको हुँ। मेरो व्यक्तिगत माग मुद्दा केही पनि छैन, पार्टीगत माग मुद्दा केही पनि छैन । मेरा माग मेरा मुद्दा नेपाल र नेपालीको उन्नतिमा मात्र केन्द्रित छ, त्यसैका लागि मात्र म दिल्ली आएको हुँ ।'

उनले आफ्नो यात्रामा व्यक्तिगत स्वार्थको लागि नभएको बताए ।

उनले थपे, 'पछिल्लो १०-१२ वर्षमा भारतले विकास र समृद्धिको जुन फड्को मार्‍यो, हामी छेउमै बसेर हेरी मात्र रह्यौं। अब सँगसँगै यात्रा गर्ने र समृद्धिको बाटोमा यात्रा गर्ने, ससाना कुराहरूलाई मिलाउँदै, सल्लाह गर्दै, संवाद गर्दै अगाडि जानेछौं।'

विभिन्न कूटनीतिक च्यानलहरूलाई सक्रिय गराउँदै समृद्धिको खाका कोर्ने उद्देश्य बोकेर भारत भ्रमणमा आएको बताए। उनले रास्वपा नेतृत्वको सरकार सञ्चालनको सुरुवाती दिन भएकाले गर्नुपर्ने काम धेरै भएको बताए।

उनले भने, 'हामी बाहेक सबै प्रतिपक्ष भएको त्यस किसिमको मत हामीले प्राप्त गरेका छौं। त्यसकारणले कहिलेकाहीं सरकारले केही गर्दैन कि, केही वातावरण बिग्रिन्छ कि भन्ने हल्ला कहिलेकाहीं फैलिएर यहाँ तपाईंको कानसम्म पनि आइपुग्ला। त्यस्तो हल्लाको पछाडि लाग्नु जरुरी छैन। हामी पूर्ण प्रतिबद्ध भएर यो देशलाई विकास गर्न आएका छौं।'

उनले राजनीतिक भागबन्डाको युगलाई अन्त्य गर्ने कसम खाएको बताए ।

उनले थपे, 'हामी भागबण्डा गर्नको लागि होइन, भाग्य परिवर्तन गर्नका लागि आएका छौं। सजिलो छैन, हामीलाई थाहा छ। सजिलो छैन, पक्कै पनि सजिलो छैन। तर यति चाहिँ भन्न सक्छु कि सजिलो नभए पनि असम्भव छैन। हजारौं माइलको यात्रा तय गर्नको निमित्त एउटा पाइला सबैभन्दा पहिला चाल्नै पर्ने हुन्छ। एकै पटक हजारौं माइल पुगिँदैन, हजारौं माइल पुगिँदैन ।'

# १ सय ३१ विद्यार्थीलाई स्टेशनरी सहित विद्यालय पोसाक वितरण

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ जेठ

वीरेन्द्रनगर-११ स्थित दुई विद्यालयका १३१ जना विद्यार्थीलाई शैक्षिक सामग्री तथा विद्यालय पोसाक वितरण गरिएको छ।

कर्णाली प्रदेशका सिमान्तकृत तथा आर्थिक रूपमा विपन्न बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले क्रियाशील लभ एण्ड होप नेपालले उक्त सामाग्री वितरण गरेको हो। संस्थाले शिव माध्यमिक विद्यालयका ५५ जना र कालिका आधारभूत विद्यालयका ७६ जना गरी कुल १३१ जना विद्यार्थीलाई स्टेशनरी सामग्री, विद्यालय पोसाक तथा झोला उपलब्ध



गराएको छ। सहयोग प्राप्त गर्ने विद्यार्थीमध्ये अधिकांश छात्रा रहेका छन्।

शिक्षाको आधारभूत आवश्यकता पूरा गर्न कठिनाइ भोगिरहेका बालबालिकालाई लक्षित गर्दै सहयोग गरिएको हो। उक्त सहयोगले विद्यालयमा नियमित उपस्थितिका साथै अध्ययनप्रति उत्साह बढ्ने विश्वास गरिएको छ। विशेषगरी आर्थिक अभावका कारण शैक्षिक सामग्री र पोसाक व्यवस्थापन गर्न नसक्ने परिवारका बालबालिकाका लागि यो सहयोग महत्वपूर्ण मानिएको छ।

लभ एण्ड होप नेपालले विगत आठ वर्षदेखि निरन्तर रूपमा कर्णालीका विपन्न तथा सिमान्तकृत समुदायका बालबालिकाको शिक्षामा सहयोग गर्दै आएको छ। संस्थाले विद्यालय पोसाक, स्टेशनरी

बाँकी पृष्ठ २

## कर्णालीका युवाको घोषणापत्र

# अवसर, अधिकार र सहभागिताको माग

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २१ जेठ

कर्णाली प्रदेशका युवाहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, डिजिटल अधिकार, जलवायु न्याय र सुशासनका सवाललाई केन्द्रमा राख्दै सरकारसमक्ष साझा प्रतिबद्धता र मागपत्र प्रस्तुत गरेका छन्। युवाले आफ्नो भविष्यसँग प्रत्यक्ष जोडिएका विषयमा स्पष्ट धारणा सार्वजनिक गर्दै राज्यका तीनै तहका सरकारलाई युवामैत्री नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्न आग्रह गरेका हुन् ।

वीरेन्द्रनगरमा सम्पन्न दुईदिने कर्णाली प्रदेश युवा सम्मेलन-२०८३ बाट तयार पारिएको घोषणापत्र बिहीबार



सार्वजनिक गरिएको हो। गैरसरकारी संस्था महासंघ नेपाल र युवा अभियानको संयुक्त आयोजनामा सम्पन्न सम्मेलनमा प्रदेशका १० जिल्लाका युवाहरूको सहभागिता रहेको थियो । सम्मेलनले युवालाई केवल लाभग्राही नभई नीति निर्माण र सामाजिक परिवर्तनको नेतृत्वदायी शक्तिका रूपमा स्थापित गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

सम्मेलनबाट जारी घोषणापत्रमा डिजिटल युगका चुनौती र अवसरलाई मध्यनजर गर्दै डिजिटल अधिकार संरक्षणलाई विशेष प्राथमिकतामा राखिएको छ। युवाहरूले डिजिटल गोपनीयतासम्बन्धी कानुनी व्यवस्था गर्न, विद्यालय तहदेखि नै कृत्रिम बौद्धिकता ९एआई० को नैतिक प्रयोगबारे शिक्षा दिन तथा डिजिटल साक्षरताको दायरा विस्तार गर्न माग गरेका छन्। प्रविधिमैत्री उद्यमशीलता विकास, डिजिटल मार्केटिङमा पहुँच विस्तार र सुरक्षित डिजिटल वातावरण निर्माणका लागि सचेतनामूलक अभियान सञ्चालन गर्ने प्रतिबद्धता समेत व्यक्त गरिएको छ।

शिक्षा क्षेत्र सुधारका लागि संविधानले सुनिश्चित गरेको कक्षा १२ सम्मको निःशुल्क शिक्षालाई

बाँकी पृष्ठ ४

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

शुक्रवार, २२ जेठ, २०८३
Friday, 5 June 2026

## सम्पादकीय

# नारा मात्र होइन् परिणाम पनि देऊ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । कृषि, स्वास्थ्य, शिक्षा, पर्यटन, पूर्वाधार, ऊर्जा, रोजगारी र सुशासनलाई केन्द्रमा राखिएको यो दस्तावेजले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' को दीर्घकालीन लक्ष्यलाई पुनः दोहोऱ्याएको छ । कागजमा हेर्दा नीति तथा कार्यक्रम महत्वाकांक्षी, व्यापक र आशावादी देखिन्छ । तर कर्णालीको विगतको अनुभवले एउटा गम्भीर प्रश्न उठाउँछ के यी प्रतिबद्धता कार्यान्वयनमा पनि उस्तै प्रभावकारी हुनेछन ?

कृषिलाई आत्मनिर्भरताको आधार मान्दै सरकारले कृषि ऋणमा शतप्रतिशत ब्याज सहुलियत, रैथाने बाली संरक्षण, स्याउ खेती विस्तार, कृषि बीमा तथा हाई भ्यालु क्रप करिडोर जस्ता कार्यक्रम ल्याएको छ । स्वास्थ्य क्षेत्रमा प्रदेश अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा विकास गर्ने, विद्यालय नर्सिङ सेवा विस्तार गर्ने तथा दीर्घरोगीलाई उपचार सहयोग उपलब्ध गराउने घोषणा गरिएको छ । शिक्षामा डिजिटल पूर्वाधार, प्राविधिक शिक्षा र रोजगारीसँग जोडिएका कार्यक्रम समेटिएका छन् । यस्ता कार्यक्रमले कर्णालीका वास्तविक आवश्यकतालाई सम्बोधन गर्ने सम्भावना अवश्य देखाउँछन । त्यसैगरी, पर्यटन दशक घोषणा, एक स्थानीय तह एक सर्वयाम सडक कार्यक्रम, विद्युतीय यातायात प्रवर्द्धन, जलविद्युत् र खानेपानी आयोजनामा लगानी विस्तारजस्ता योजना प्रदेशको आर्थिक विकासका लागि महत्वपूर्ण आधार बन्न सक्छन् । रोजगारी सिर्जना, युवा उद्यमशीलता र स्टार्टअप कर्जाजस्ता कार्यक्रमले युवालाई स्वदेशमै अवसर खोज्न प्रेरित गर्न सक्ने अपेक्षा गर्न सकिन्छ । तर कर्णालीको समस्या योजना र घोषणाको अभाव कहिल्यै थिएन । समस्या सधैँ कार्यान्वयनमा रह्यो । हरेक वर्ष नीति तथा कार्यक्रममा समावेश गरिएका धेरै कार्यक्रम बजेट अभाव, प्रशासनिक ढिलासुस्ती, कमजोर अनुगमन र न्यून खर्च क्षमताका कारण पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन्। प्रदेश सरकार आफैंले बजेट खर्च गर्न नसक्ने, आयोजना समयमै सम्पन्न नगर्ने र बेरुजु नियन्त्रण गर्न नसक्ने अवस्थाबाट गुज्रिरहेको बेला नयाँ महत्वाकांक्षी योजना थप्नु मात्र पर्याप्त हुँदैन ।

सरकारले यसपटक शून्य बेरुजु अभियान, प्रशासनिक पुनर्संरचना, विद्युतीय हाजिरी, हेल्लो मुख्यमन्त्री सेवा र नागरिक संवाद कार्यक्रममार्फत सुशासनलाई प्राथमिकता दिएको छ । वास्तवमा यिनै विषयहरू कार्यान्वयनको केन्द्रमा रहनुपर्छ । सुशासन, पारदर्शिता र जवाफदेहितालाई विकासका कुनै पनि लक्ष्य हासिल हुन सक्दैनन् । कर्णालीको विकास यात्रामा अहिले सबैभन्दा ठूलो आवश्यकता नयाँ योजना थप्नु होइन, भएका योजनालाई परिणाममुखी ढंगले कार्यान्वयन गर्नु हो । कर्णालीका नागरिकले वर्षौंदेखि विकासका ठूला सपना सुन्दै आएका छन्। अब उनीहरू घोषणाभन्दा परिणाम हेर्न चाहन्छन्। सडक निर्माण भएको, खानेपानी पुगेको, अस्पतालमा चिकित्सक उपलब्ध भएको, विद्यालयमा गुणस्तरीय शिक्षा प्राप्त भएको र युवाले रोजगारी पाएको अनुभव नागरिकले प्रत्यक्ष महसुस गर्नुपर्छ। त्यसैले यो नीति तथा कार्यक्रमको सफलता यसको शब्दमा होइन, कार्यान्वयनमा मापन हुनेछ । सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले आशा जगाएको छ । तर यो आशा विश्वासमा बदल्ने जिम्मेवारी अब सरकारकै काँधमा छ । आगामी वर्ष कर्णाली सरकारका लागि नीति निर्माणको होइन, कार्यसम्पादनको वर्ष हुनुपर्छ । किनकि समृद्धिको मार्ग घोषणाले होइन, परिणामले निर्माण गर्छ ।

## बजेट :

# अंकको उत्साह, कार्यान्वयनमा आशंका



✍ धिरेन्द्र सापकोटा

संसारको कुनै पनि विकासोन्मुख देशको बजेट छिमेकी र विश्वको आर्थिक परिवेशभन्दा अलग हुन सक्दैन । विसं २०८२ को राजनीतिक फेरबदल र नयाँ नेतृत्वको आगमनपछि सार्वजनिक भएको २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ (२१.२४ खर्ब) को यो बजेट ठूलो विश्वव्यापी आर्थिक र राजनीतिक अस्थिरताका बीच आएको छ । वर्तमान विश्व अर्थतन्त्र मध्यपूर्वमा फैलिएको युद्ध, लामो समयदेखि जारी रुस-युक्रेन द्वन्द्व र लालसागरको संकटका कारण आपूर्ति प्रणालीमा आएको कडा अवरोधबाट गुज्रिरहेको छ ।

संकटको यस्तो घडीमा संसारका शक्तिशाली मुलुकहरू अरूलाई सहयोग गर्नुभन्दा आफ्नो आन्तरिक आर्थिक सुरक्षा र संरक्षणवादमा केन्द्रित हुन थाल्छन् । विश्वमा चुलिएको यो खिचातानीको सीधा असर नेपालजस्तो परनिर्भर अर्थतन्त्र भएको देशलाई पर्छ । नेपालको आर्थिक नीति बाह्य झट्का र विश्व बजारको उतारचढावसँग प्रत्यक्ष जोडिएको छ । यस वर्ष वैदेशिक अनुदान जम्मा ६१.७४ अर्ब रुपैयाँमा खुम्चिनुले पनि के स्पष्ट पार्छ भने, बाह्य सहयोग अब पहिलेजस्तो सहज छैन । यस्तो विश्वव्यापी चुनौतीका बीच सिंहदरबारले ७ प्रतिशतको आर्थिक वृद्धिको महत्त्वाकांक्षी लक्ष्य राखेर अर्थतन्त्रलाई नयाँ गति दिन खोजे पनि यसको सफलता धेरै हदसम्म बाह्य परिवेश कस्तो रहन्छ भन्ने कुरामै टिकेको छ । मध्यपूर्वको तनाव र लालसागरमा बढ्दो सैन्य द्वन्द्वले गर्दा अन्तर्राष्ट्रिय व्यापारमा सामान ढुवानी गर्ने जहाजको भाडा र पेट्रोलियम पदार्थको मूल्य आकासिएको छ । नेपाल खाने भान्सादेखि चलाउने गाडीसम्म शतप्रतिशत आयातमा टिकेको देश भएकाले विश्व बजारमा एक रुपैयाँ मूल्य बढ्दा त्यसको सीधा असर नेपालीको गोजीमा पर्छ । यसले नेपाललाई आयातित महँगी र आर्थिक मन्दीको संयुक्त चक्रव्यूहमा धकेल्ने जोखिम बढाएको छ ।

यस्तो प्रतिकूल अवस्थामा बजेटले १४ खर्ब ५ अर्बको महत्त्वाकांक्षी राजस्वको लक्ष्य राखेको छ, जुन अघिल्ला वर्षको वास्तविक संकलनको तुलनामा निकै ठूलो वृद्धि हो । नेपालको राजस्व प्रणाली मुख्य रूपमा आयातमा आधारित छ । जब विश्वव्यापी संकटका कारण आयात प्रभावित हुन्छ, तब सरकारले यो लक्ष्य कसरी भेटाउँछ भन्ने प्रश्न गम्भीर छ । यद्यपि बजेटले डिजिटल कारोबारमा कर र करको दायरा विस्तार गर्ने केही प्रयास गरेको छ, तर आपूर्ति व्यवस्थाको यो कमजोरीलाई सम्बोधन गर्न नसक्दा ६ प्रतिशतको मुद्रास्फीति र राजस्वको लक्ष्य भेटाउनु सरकारका लागि फलामको चिउरा चपाउनुसरह हुने देखिन्छ ।

सरकारले राखेको ७ प्रतिशतको आर्थिक वृद्धि र ६ प्रतिशतको महँगीको सीमा हासिल गर्न वित्त नीति मात्र पर्याप्त हुँदैन । यसका लागि नेपाल राष्ट्र बैंकको आगामी मौद्रिक नीतिसँग कडा सन्तुलन आवश्यक पर्छ । यदि केन्द्रीय बैंकले ब्याजदर घटाउने र तरलता बढाउने लचिलो मौद्रिक कार्यदिशा लिएन भने बजेटका लक्ष्य सुरुमै ओझेलमा पर्नेछन् । तर, बजारमा बढ्दो आयातित महँगीका कारण राष्ट्र बैंकलाई ब्याजदर नियन्त्रण र मूल्य स्थिरता कायम राख्न ठूलो नीतिगत दबाब पर्ने निश्चित छ ।

अर्कोतर्फ, बजेटमा चालु खर्च १२ खर्ब ७० अर्ब ५८ करोड (५९.८%) हुनुमा नेपालको वित्तीय संघीयताको आर्थिक भार जोडिएको छ । यसमा प्रदेश र स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण (अनुदान) को ठूलो हिस्सा समावेश छ । सिंहदरबारले तल्लो तहमा बजेट त पठाउँछ, तर प्रदेश र स्थानीय तहमा अझै पनि प्राविधिक र प्रशासनिक क्षमताको अभावका कारण बजेट खर्च गर्ने क्षमता निकै कमजोर छ । फलतः वित्तीय संघीयताको प्रशासनिक खर्च त बढ्रिहेको छ, तर त्यसको अनुपातमा तल्लो तहमा पुँजी निर्माण र आर्थिक क्रियाकलाप सुस्त देखिन्छन् ।

आर्थिक वर्ष २०८३/८४ को बजेटको वित्तीय व्यवस्थापनका लागि मात्र ४ खर्ब २२ अर्ब ६४ करोड रुपैयाँ (१९.९%) विनियोजन गरिएको छ, जुन देशको कुल विकास खर्चको हाराहारीमा छ । यो ऋणको भार कम गर्न र बजेटको घाटा पूर्ति गर्न सरकारले ४ खर्ब १० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेको छ ।

यही विन्दुमा बजेटको एउटा ठूलो नीतिगत विरोधाभास देखिन्छ । एकातिर सरकारले निजी क्षेत्रको मनोबल बढाउने र वैदेशिक लगानी भित्र्याउने कुरा गरिरहेको छ, तर अर्कोतिर देशभित्रकै तरलता सरकार आफैंले सोस्ने नीति लियो । जब राज्यले घरेलु बजारबाट ४ खर्बभन्दा बढी आन्तरिक ऋण उठाउँछ, तब बैंकले सरकारलाई सुरक्षित ऋण दिन्छन् र निजी क्षेत्रका लागि ऋणयोग्य पुँजीको अभाव हुन्छ । अर्थशास्त्रको सिद्धान्तअनुसार यसले बजारमा ' क्राउडिङ आउट इफेक्ट' सिर्जना गर्छ, जसले कर्जाको ब्याजदर बढाउँछ र निजी क्षेत्रको लगानीलाई नराम्ररी संकुचित पारिदिन्छ ।

कुनै पनि देशको आर्थिक विकासका लागि वैदेशिक प्रत्यक्ष लगानी एउटा बलियो इन्जिन हो । यसैलाई ध्यानमा राखेर बजेटले विदेशी लगानी आकर्षित गर्न एकल विन्दु सेवा केन्द्रलाई वास्तविक रूपमै प्रभावकारी बनाउने र लगानीकर्ताका विवाद सुल्झाउन छुट्टै कानुनी निकाय गठन गर्नेजस्ता राम्रा घोषणा गरेको छ । ३१ वटा अनावश्यक सरकारी कार्यालय खारेज गर्ने र भन्सार प्रक्रिया सहज बनाउने निर्णय सकारात्मक छन् ।

विदेशी लगानी केवल कानुनी घोषणा वा रेड कार्पेट ओछ्याएर मात्र आउँदैन; यो त देशको राजनीतिक स्थिरता र विश्वासमा भर पर्छ । वर्तमान समयमा विश्वव्यापी संकट र युद्धका कारण बहुराष्ट्रिय कम्पनी आफ्नो पुँजी जोखिमपूर्ण वा नीतिगत रूपमा अस्थिर देशमा लगानी गर्न डराउँछन् । नेपालमा नयाँ सरकार आएपछि छिमेकी मुलुक र पश्चिमा शक्तिको रणनीतिक चासो बढेको छ । यस्तो अवस्थामा नेपालले आफ्नो राजनीतिक सन्तुलन कसरी कायम राख्छ र विदेशी लगानीकर्तालाई कसरी सुरक्षाको ढुक्कता दिन्छ भन्ने कुरा नै मुख्य चुनौती हो । यदि सरकारले नीतिगत स्थिरताको ग्यारेन्टी दिन सकेन भने बजेटका यी घोषणा केवल गफमा मात्र सीमित हुनेछन् ।

विश्वव्यापी आर्थिक मन्दीका बीच यस वर्षको बजेटले सूचना प्रविधि, स्टार्टअप र डिजिटल अर्थतन्त्रलाई प्राथमिकता दिनु यसको सबैभन्दा बलियो पक्ष हो । व्यक्तिगत आयकरको सीमा बढाएर १० लाख रुपैयाँ पुऱ्याउनु र देशमै पहिलो पटक एआई कम्प्युटिङ सेन्टर स्थापना गर्ने घोषणा गर्नुले नयाँ पुस्ताको भावना र प्रविधिको शक्तिलाई स्विकारेको देखिन्छ । नेपालका लागि अब डिजिटल सेवा निर्यात रेमिट्यान्सको वैकल्पिक खम्बा बन्न सक्छ ।

यो आशावादी सोचका पछाडि गम्भीर कानुनी र पूर्वाधारगत चुनौती छन्, जसलाई बजेटले सतही रूपमा मात्र छोएको छ । नेपालमा अझै पनि 'पेपाल' वा अन्तर्राष्ट्रिय भुक्तानी गेटवे सहज छैन, जसले गर्दा फ्रिलाउन्सर र आईटी कम्पनीले कमाएको पैसा वैध रूपमा भित्र्याउन सकस छ । यसका साथै बौद्धिक सम्पत्तिसम्बन्धी कानुन फितलो हुनु र डेटा सुरक्षाको ग्यारेन्टी नहुनु यस क्षेत्रका मुख्य अड्चन हुन् । त्यसैले, प्रविधिको क्षेत्रमा भाषण गरेर मात्र युवा पलायन रोकिँदैन; अन्तर्राष्ट्रिय भुक्तानीको कानुनी अड्चन फुकाउनु र डेटा सुरक्षाको विश्वसनीय वातावरण निर्माण गर्नु यसको प्राथमिक सर्त हो ।

बजेटको सबैभन्दा कमजोर पाटो भनेकै यसको कार्यान्वयन पक्षमा देखिने जटिल चुनौती हो । विकास खर्च (पुँजीगत खर्च) का लागि कुल बजेटको मात्र २०.३ प्रतिशत (४ खर्ब ३१ अर्ब १० करोड) विनियोजन गरिएको छ । तर विडम्बना के छ भने, विनियोजित यो न्यून विकास खर्च पनि आर्थिक वर्षको ९ महिनासम्म फ्रिज रहने र असार मसान्तमा आएर हतार-हतार बजेट सिध्याउने 'असारे विकास' को रोग अझै निको हुन सकेको छैन ।

निर्णय गर्न डराउने कर्मचारीतन्त्र, झन्झटिलो खरिद प्रक्रिया र आयोजना प्रमुखको छिटो-छिटो हुने सरुवाजस्ता कमजोरीले बजेटको उद्देश्यलाई नै ध्वस्त पार्छन् । कर्मचारीको तलबमा गरिएको भारी वृद्धिले प्रशासनिक खर्चको बोझ झनै बढाएको छ, तर त्यसको अनुपातमा सरकारी सेवामा सुधार आउने ग्यारेन्टी छैन ।

## १ सय...

सामग्री तथा वार्षिक अध्ययन शुल्क व्यवस्थापनमा समेत सहयोग पुऱ्याउँदै आएको जनाएको छ ।

संस्थाका अनुसार गरिबीका कारण शिक्षाबाट वञ्चित हुन पुगेका बालबालिकालाई विद्यालय शिक्षासँग जोडिराख्न विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिँदै आएको छ । छात्राहरूको विद्यालय पहुँच, निरन्तरता र शैक्षिक उपलब्धि अभिवृद्धि गर्ने लक्ष्यसहित छात्रवृत्ति, शैक्षिक सामग्री वितरण तथा अन्य सहायक गतिविधि सञ्चालन भइरहेको संस्थाका अध्यक्ष शम्भुसंकर पोखरेलले बताए ।

शिक्षा नै दिगो विकासको आधार भएको उल्लेख गर्दै उनले आगामी दिनमा पनि कर्णालीका गरिब तथा सिमान्तकृत बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्न सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाए । विद्यालयस्तरमा गरिएको यस्तो सहयोगले बालबालिकाको भविष्य निर्माणमा मात्र नभई समग्र समाजको शैक्षिक रूपान्तरणमा समेत सकारात्मक प्रभाव पार्ने उनको भनाइ छ ।

सामाग्री पाएपछि छात्रा हिमा बादी, इन्द्रा विक र सृष्टि शाहीले खुसी व्यक्त गरे । नियमित सहयोगले पढाई तथा सिकाई उपलब्धीमा सुधार आएको उनीहरुको भनाइ छ । सहयोग पाउने सबै बालबालिकाले संस्थालाई धन्यबाद दिदै पढाई गुणस्तर थप सुधार गर्ने गरी अध्ययन गर्न हौसला मिलेको बताए ।

कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक डिल्लीराम कँडेलका अनुसार अधिल्लो वर्षसम्म विद्यालयमा कक्षा १ देखि ५ सम्म जम्मा १३ जना विद्यार्थी मात्र अध्ययनरत थिए । तर लभ एण्ड होप नेपालको निरन्तर सहयोग तथा जनप्रतिनिधिहरूको घरदैलो अभियानपछि विद्यार्थी संख्या बढेर ७६ पुगेको छ ।

शिव मा.वि का प्रधानाध्यापक पूर्ण प्रसाद पौडेलले नियमित सहयोगले गरिबिका कारण विद्यालय आउन नसक्ने बालबालिकालाई निकै राहत मिलेको बताए । सहयोग पाइराखेका बालबालिकालाई थप लगनशिल र अनुशासित भएर अध्ययन गर्न उनको आग्रह छ । वीरेन्द्रनगर-११ का वडाध्यक्ष खिमलाल देवकोटाले नियमित सहयोग पाएको पृष्टि हुने गरी उच्च शिक्षासम्म अध्ययन गरेर आफ्नो र संस्थाको सिर उचो बनाउन अनुरोध गरे । साथै सबैले आफ्ना बालबालिकालाई सरकारी विद्यालयमै पढाउन समेत उनको आग्रह छ ।

उनका अनुसार अछामी, सुब्बाकुना र अमृतडाँडा क्षेत्रका आर्थिक रूपमा कमजोर परिवारका बालबालिकालाई यो सहयोग निकै महत्वपूर्ण मानिएको छ । साथै सहयोगी संस्थाले विपन्न विद्यार्थीको शिक्षालाई निरन्तरता दिन सहयोग कार्यक्रम जारी राख्ने जनाएको छ ।

यस्तै संस्थाले भ्याली मेमोरियल स्कुल र सुर्खेत होराइजन एकेडमीमा अध्ययनरत केही विद्यार्थीलाई पनि सहयोग गरेको छ । विद्यालय प्रशासनले संस्थाको सहयोगप्रति आभार व्यक्त गर्दै यस्ता कार्यक्रमले विपन्न समुदायका बालबालिकालाई शिक्षामा निरन्तरता दिन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका छन् ।

संस्थाले हाल सुर्खेत, दैलेख, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका विपन्न समुदायका छोरीहरूको शिक्षामा लगानी गर्दै आएको छ । भने काभ्रेपलाञ्चोकस्थित आफ्नै छात्रावासमा राखेर उच्च शिक्षासम्म अध्ययनको अवसर उपलब्ध गराउँदै आएको छ । साथै अभिभावकसँगै घरमै बसेर अध्ययन गर्न चाहने विपन्न बालिकाहरूलाई पनि शैक्षिक सामग्री तथा अन्य आवश्यक सहयोग प्रदान गर्दै आएको छ ।

## कर्णालीमा...

बलियो बन्दै गएको हो । एमालेभित्र सरकारमा सहभागी मन्त्रीहरूले अपेक्षाअनुसार परिणाम दिन नसकेको भन्दै उनीहरूलाई फिर्ता बोलाउनुपर्ने विषय पार्टी बैठकमा उठिसकेको स्रोत बताउँछ । प्रमुख सचेतक पछाईले पनि मन्त्रीहरूको कार्यसम्पादनबारे समीक्षा भइरहेको स्वीकार गरेका छन् उनका अनुसार सरकारमा सहभागी मन्त्रीहरूको कामको मूल्याङ्कन गरेर आवश्यक निर्णय लिइनेछ ।

मन्त्री परिवर्तनको विषय दलभित्र उठेको छ । आवश्यक छलफलपछि निर्णय हुनेछ, उनले भने । कांग्रेसभित्र पनि समान अवस्था देखिएको छ । सरकारमा सहभागी आफ्ना मन्त्रीहरूले जनताको अपेक्षा अनुसार काम गर्न नसकेको भन्दै सांसदहरूले असन्तुष्टि व्यक्त गर्न थालेका छन् । केही प्रदेश सांसदहरूले सरकारको नेतृत्व परिवर्तनअघि नै मन्त्रीहरूको पुनर्गठन गर्नुपर्ने धारणा राखेका छन् । सुर्खेतमा आएर सभापति गगन थापा र उपसभापति विश्वप्रकाश शर्माले प्रदेश सरकारहरूको नेतृत्व परिवर्तनको विषय उठाएपछि कर्णालीमा पनि मन्त्रीहरूको भूमिकाबारे समीक्षा सुरु भएको हो ।

**बजेटपछि राजनीतिक समीकरण फेरिने सम्भावना**

कर्णाली प्रदेश सरकार अहिले आगामी आर्थिक वर्षको बजेट निर्माणमा व्यस्त छ । यही कारण सत्ता हस्तान्तरणको विषय औपचारिक रूपमा अगाडि नबढेको विश्लेषण गरिन्छ । तर बजेट पारित भएसँगै सत्ता समीकरणको विषयले गति लिन सक्ने एक काँग्रेस नेताले बताए ।

गठबन्धनको आलोपालो सहमति कार्यान्वयन गर्ने कि नगर्ने भन्ने प्रश्नले बजेटपछि प्रदेश राजनीतिमा नयाँ बहस जन्माउने निश्चित देखिन्छ । यद्यपि सत्ता हस्तान्तरणअघि मन्त्री हेरफेर हुने सम्भावना पनि उत्तिकै बलियो देखिएको छ । कर्णाली प्रदेशमा हाल मुख्यमन्त्रीसहित सात मन्त्रालय छन् । जसमध्ये काग्रेसका तर्फबाट चार र एमालेका तर्फबाट दुई मन्त्री सरकारमा सहभागी छन् । दुवै दलभित्र मन्त्रीहरूको कार्यसम्पादनमाथि प्रश्न उठ्न थालेपछि सरकार पुनर्गठनको सम्भावना झन् बलियो बनेको छ ।

# नौमती संरक्षणमा महिलाहरूको अग्रसरता

**काँक्रेविहार संवाददाता**
सल्यान, २१ जेठ



जिल्लाको लान्ती बजारस्थित सामुदायिक भवनमा हरेक बिहान नौमती बाजाका मधुर धुनहरू गुन्जिन थालेका छन् ।

परम्परागत रूपमा पुरुष र निश्चित समुदायमा सीमित मानिएको नौमती बाजा अब स्थानीय महिलाहरूले सिक्न र संरक्षण गर्न थालेका छन् ।

जेठ १६ गतेदेखि छत्रेश्वरी गाउँपालिका छ का १० जना महिलाले नौमती बाजा बजाउने तालिममा सहभागिता जनाउँदै आएका छन् ।

तालिममा सहभागी महिलाहरूले सहनाई, कर्नाल, नरसिङ्गा, दमाहा, ढोलक, ट्याम्को र झ्यालीजस्ता बाजा बजाउने अभ्यास गरिरहेका छन् । उनीहरू उत्साहपूर्वक मौलिक संस्कृति जोगाउने उद्देश्यसहित नयाँ सीप हासिल गर्न जुटेका छन् ।

तालिममा सहभागी नवीना थापा विष्टले सुरुआती दिनमा बाजा बजाउन निकै कठिन लागेको भए पनि अहिले आत्मविश्वास बढ्दै गएको बताइन् । उनका अनुसार झ्याउरे र ख्याली तालमा बाजा बजाउन सिक्दै जाँदा आफूले नयाँ अनुभव प्राप्त गरेको महसुस भएको छ ।

विवाह, व्रतबन्ध, धार्मिक अनुष्ठान तथा विभिन्न सांस्कृतिक अवसरमा महत्वपूर्ण मानिने नौमती बाजा पछिल्ला वर्षहरूमा क्रमशः लोप हुने अवस्थामा पुगेको छ ।

आधुनिक प्रविधि र नयाँ सांगीतिक प्रवृत्तिको प्रभावका कारण परम्परागत बाजाप्रति आकर्षण घट्दै गइरहेका बेला वडाले महिलामार्फत यसको संरक्षणको पहल थालेको हो । सहभागी चन्द्रकला विकले पहिलो दिन बाजा समाउँदा डर लागेको स्मरण गर्दै अहिले भने सिकाइको प्रक्रियाले आफूलाई खुसी र उत्साहित बनाएको बताइन् ।

प्रशिक्षक पवित्रा रम्तेलका अनुसार प्रारम्भमा संकोच देखिएका महिलाहरू अहिले आत्मविश्वासका साथ बाजा बजाउन सक्षम हुँदै गएका छन् ।

वडाध्यक्ष टीकाराम बुढाले तालिम सम्पन्न भएपछि सहभागी महिलाहरूलाई समेटेर स्थानीय नौमती बाजा समूह गठन गर्ने योजना रहेको जानकारी दिए । उक्त समूहले आगामी दिनमा गाउँपालिकाभित्र हुने सामाजिक, सांस्कृतिक तथा धार्मिक कार्यक्रमहरूमा प्रस्तुति दिने अपेक्षा गरिएको छ । यो अभियानले नौमती बाजाको संरक्षण मात्र होइन, महिलाको नेतृत्व र सहभागितालाई पनि थप सशक्त बनाउने विश्वास गरिएको छ ।

# नागरिकता नहुँदा अशक्त महिला सेवाबाट वञ्चित

**काँक्रेविहार संवाददाता**
मुगु, २१ जेठ



नागरिकता नेपाली नागरिकको आधारभूत पहिचान मात्र होइन, राज्यले प्रदान गर्ने सेवा, सुविधा र अधिकार प्राप्त गर्ने प्रमुख माध्यम पनि हो । तर मुगु जिल्लाको दुर्गम क्षेत्रमा बसोबास गर्ने एक अशक्त नागरिक भने नागरिकता अभावकै कारण आजसम्म राज्यका आधारभूत सेवा सुविधाबाट वञ्चित जीवन बिताउन बाध्य हुनु परेको छ ।

मुगुमकार्मारोङ गाउँपालिका आठ माग्रीगाउँका ६१ वर्षीय कुन्जुम पाल्पु लामाले अहिलेसम्म नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सकेकी छैनन् ।

शारीरिक रूपमा अशक्त रहेका उनी नागरिकता नहुँदा सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य सेवा, अपाङ्गता परिचयपत्र लगायत राज्यबाट उपलब्ध हुने विभिन्न सेवा र सुविधाको पहुँचबाट टाढा रहेकी छन् । स्थानीय जनप्रतिनिधिका अनुसार परिवारबाट आवश्यक पहल नहुँदा नागरिकता बनाउने प्रक्रिया अघि बढ्न सकेको छैन ।

मुगुमकार्मारोङ गाउँपालिका आठ का वडाध्यक्ष छिरिङ क्याप्ने लामाले परिवारका सदस्यले समयमै चासो नदिँदा कुन्जुमलाई नागरिकता उपलब्ध गराउन नसकिएको बताए । कुन्जुमका दाजु याङ्गेप लामाले दुर्गम भौगोलिक अवस्था, आर्थिक अभाव र आफ्नै पारिवारिक कठिनाइका कारण नागरिकता बनाउने प्रक्रिया अघि बढाउन नसकिएको गुनासो गरे ।

उनका अनुसार नागरिकता नहुँदा दाजु र बहिनी दुवैजना राज्यबाट प्राप्त हुने सामाजिक सुरक्षा र अन्य सेवाबाट वञ्चित छन् ।

नागरिकता अभावकै कारण कुन्जुमले अपाङ्गता परिचयपत्रसमेत पाउनुभएको छैन । परिचयपत्र नहुँदा अपाङ्गता भत्ता, वृद्धभत्ता, स्वास्थ्य उपचारमा सहुलियत तथा अन्य सामाजिक सुरक्षा कार्यक्रमको लाभ लिन असम्भव भएको छ ।

स्थानीयवासीका अनुसार यस्ता समस्या मुगुको दुर्गम भेगमा अझै पनि देखिने गरेका छन् । जिल्ला प्रशासन कार्यालय मुगुका सहायक प्रमुख जिल्ला अधिकारी धनकृष्ण पाण्डेका अनुसार अशक्त र असहाय नागरिकलाई घरमै पुगेर नागरिकता उपलब्ध गराउने व्यवस्था भए पनि प्रशासनिक अभिलेख व्यवस्थापन तथा आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने भएकाले व्यवहारिक कठिनाइ देखिएको छ ।

उनले आवश्यक समन्वय र प्रक्रिया पूरा भएमा नागरिकता उपलब्ध गराउन सकिने बताए नागरिक अधिकारको क्षेत्रमा काम गर्दै आएका नागरिक समाजका अगुवा रूपबहादुर मल्लले नेपालको संविधानले प्रत्येक नेपालीलाई नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको स्मरण गराउँदै कुनै पनि नागरिक नागरिकताबाट वञ्चित हुनु दुःखद अवस्था भएको बताए ।

संविधानको धारा १० तथा नेपाल नागरिकता ऐन, २०६३ ले कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने अधिकारबाट वञ्चित गर्न नपाइने स्पष्ट व्यवस्था गरेको उल्लेख गर्दै उनले सम्बन्धित निकायलाई तत्काल पहल गर्न आग्रह गरे । स्थानीयवासीले पनि नागरिकता अभावमा आधारभूत अधिकारबाट वञ्चित भएका व्यक्तिको पहिचान गरी सम्बन्धित निकायले विशेष पहल गर्नुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार दुर्गम भेगका अशक्त, वृद्ध तथा असहाय नागरिकलाई सेवा लिन जिल्ला सदरमुकामसम्म पुग्न कठिन हुने भएकाले सरकारले सहज र पहुँचयुक्त व्यवस्था गर्न आवश्यक छ ।

नागरिकता नहुँदा राज्यका सेवा सुविधाबाट वञ्चित हुनुपरेको कुन्जुम पाल्पु लामाको अवस्था दुर्गम क्षेत्रमा अझै पनि केही नागरिकले भोगिरहेका वास्तविक समस्याको प्रतिनिधि उदाहरण बनेको छ ।

# लक्ष्य भन्दा कम, १६ अर्ब ७३ करोड राजस्व सङ्कलन

**काँक्रेविहार संवाददाता**
नेपालगञ्ज, २१ जेठ




नेपाल-भारत सीमास्थित नेपालगन्ज नाकाबाट चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनामा १६ अर्ब ७३ करोड ९७ लाख ५९ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलनमा सामान्य वृद्धि भए पनि निर्धारित लक्ष्य भने पूरा हुन सकेको छैन ।

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन पौडेलका अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्त सम्म २० अर्ब १० करोड ७८ लाख ५५ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरिएको थियो । तर सो अवधिमा १६ अर्ब ७३ करोड ९७ लाख ५९ हजार रुपैयाँ मात्रै राजस्व सङ्कलन भएको छ ।

यस अनुसार लक्ष्यको करिब ८३ प्रतिशत मात्र राजस्व उठ्न सकेको छ भने लक्ष्य र वास्तविक सङ्कलनबीच करिब ३ अर्ब ३६ करोड रुपैयाँको अन्तर रहेको छ ।

भन्सार प्रमुख पौडेलले गत आर्थिक वर्ष २०८०/८१ को सोही अवधिमा १६ अर्ब ४६ करोड २४ लाख रुपैयाँ राजस्व सङ्कलन भएको जानकारी दिँदै यस वर्ष करिब २७ करोड ७३ लाख रुपैयाँ बढी राजस्व उठेको बताए ।

उनका अनुसार आर्थिक गतिविधिमा केही सुधार देखिए पनि लक्ष्यअनुसार राजस्व वृद्धि हुन नसकेको अवस्था छ ।

भन्सार कार्यालयका तथ्याङ्कअनुसार समीक्षा अवधिमा नेपालगन्ज नाकाबाट ७० अर्ब २३ करोड ९ लाख २४ हजार रुपैयाँ बराबरको वस्तु आयात भएको छ । त्यस्तै २ अर्ब ८२ करोड ६९ लाख ६७ हजार रुपैयाँ बराबरका वस्तु निर्यात भएका छन्। गत आर्थिक वर्षको तुलनामा आयात र निर्यात दुवैमा वृद्धि देखिएको कार्यालयले जनाएको छ ।

नेपालगन्ज नाका पश्चिम नेपालको प्रमुख व्यापारिक प्रवेशद्वारमध्ये एक मानिन्छ । भारत सँगको व्यापारिक कारोबारका लागि महत्वपूर्ण मानिने यस नाकाबाट दैनिक रूपमा खाद्यान्न, पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ, निर्माण सामग्री, सवारी साधन तथा अन्य उपभोग्य वस्तु आयात हुने गरेका छन् । त्यस्तै नेपालबाट कृषि उपज, जडीबुटी तथा अन्य केही वस्तु निर्यात हुने गरेका छन् ।

नेपाल-भारत सीमा क्षेत्रको जमुनाह नाकामा एकीकृत जाँच चौकी (आइसिपी) सञ्चालनमा आएपछि आयात-निर्यात प्रक्रिया थप व्यवस्थित हुने, व्यापारिक गतिविधि विस्तार हुने तथा भन्सार राजस्वमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको थियो । तर अपेक्षा गरिएअनुसार राजस्व सङ्कलन बढ्न नसकेको भन्दै व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् ।

नेपालगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्क धामीले पछिल्ला केही वर्षयता नेपालगन्ज नाकाबाट लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको बताए ।

उनले राजस्व लक्ष्य र वास्तविक उपलब्धिबीच बारम्बार देखिने अन्तरका कारणबारे गम्भीर अध्ययन आवश्यक रहेको धारणा राखे ।

उनका अनुसार सीमावर्ती व्यापारको अवस्था, आयात-निर्यातको प्रवृत्ति, वैकल्पिक नाकाको प्रयोग, भन्सार नीति तथा समग्र आर्थिक गतिविधिको प्रभावबारे विस्तृत विश्लेषण गरिनु पर्छ । व्यापार प्रवर्द्धनका लागि नीतिगत सुधार र पूर्वाधार विकासलाई समेत प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ ।

सरकारले चालु आर्थिक वर्षका लागि राजस्व सङ्कलनको महत्वाकांक्षी लक्ष्य तय गरे पनि आर्थिक मन्दी, उपभोगमा कमी तथा आयातको संरचनामा आएको परिवर्तनका कारण अधिकांश भन्सार कार्यालयमा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको देखिएको छ ।

नेपालगन्ज भन्सार कार्यालयले भने आयात-निर्यातमा सुधारको संकेत देखिएको र आगामी महिनामा राजस्व सङ्कलन थप बढ्ने अपेक्षा गरेको छ ।

# त्रिपालमुनि बसेर अध्ययन गर्न बाध्य विद्यार्थी

**काँक्रेविहार संवाददाता**
जाजरकोट, २१ जेठ



जिल्लाको छेडागाड नगरपालिका सात स्थित भानुभक्त आधारभूत विद्यालयका विद्यार्थी अझै पनि त्रिपालमुनि बसेर अध्ययन गर्न बाध्य छन् ।

२०८० कात्तिक १७ गते गएको भूकम्पले विद्यालयका भवनमा क्षति पुऱ्याएपछि विद्यार्थी अस्थायी रूपमा त्रिपालमुनि कक्षा सञ्चालन गर्दै आएका छन् ।

विद्यालयका प्रधानाध्यापक टेकबहादुर खत्रीका अनुसार भूकम्पअघि विद्यालयमा दुई वटा भवन रहेका थिए । भूकम्पले दुवै भवनमा क्षति पुऱ्याएपछि नियमित पठनपाठनका लागि सुरक्षित संरचनाको अभाव भएको छ ।

हाल विद्यार्थीहरू त्रिपालमुनि भुइँमा कार्पेट बिछ्याएर अध्ययन गरिरहेका छन् । "हिउँदमा धुलो र बर्खामा हिलोको समस्या झेल्दै पढाउनुपरेको छ," प्रधानाध्यापक खत्रीले भन्नुभयो। विद्यालयमा हाल ९० जना विद्यार्थी अध्ययनरत छन् ।

विद्यालयको स्थायी भवन निर्माणका लागि चारकोठे भवन निर्माण कार्य भने जारी रहेको छ । निर्माण कार्य करिब ८० प्रतिशत सम्पन्न भइसकेको र भवन सञ्चालनमा आएपछि विद्यार्थीलाई सहज वातावरणमा अध्ययन गर्ने अवसर मिल्ने विश्वास विद्यालय प्रशासनले गरेको छ ।

छेडागाड नगरपालिका सातका वडाध्यक्ष वीरबहादुर रोकायाले वडासँग विद्यालय भवन निर्माणका लागि पर्याप्त बजेट नभएका कारण भूकम्पपछि पनि पुनर्निर्माण कार्य अपेक्षित रूपमा अघि बढ्न नसकेको बताए ।

भूकम्प प्रभावित जाजरकोटमा विद्यालय पुनर्निर्माणको काम सुस्त गतिमा भइरहेका कारण धेरै विद्यार्थी अझै पनि अस्थायी संरचनामै अध्ययन गर्न बाध्य रहेको स्थानीयवासीको गुनासो छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

## कर्णालीका...

व्यवहारमा कार्यान्वयन गर्नुपर्ने, शिक्षालाई प्रविधिमैत्री र रोजगारमुखी बनाउनुपर्ने तथा सामुदायिक विद्यालयहरूमा सीप विकास केन्द्रित कार्यक्रम विस्तार गर्नुपर्ने माग गरिएको छ। विशेष गरी दलित, अपाङ्गता भएका व्यक्ति, राउटे, कमैया, हलिया, कमलहरी तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका बालबालिकालाई शिक्षामा समान पहुँच सुनिश्चित गर्न विशेष कार्यक्रम आवश्यक रहेको घोषणापत्रमा उल्लेख गरिएको छ।

स्वास्थ्य क्षेत्रका चुनौतीलाई सम्बोधन गर्न प्रत्येक स्थानीय तहमा मानसिक स्वास्थ्य परामर्शदाता व्यवस्था गर्नुपर्ने र स्वास्थ्य बजेटको कम्तीमा पाँच प्रतिशत मानसिक स्वास्थ्य क्षेत्रमा विनियोजन गर्नुपर्ने माग युवाहरूले अधि सारेका छन्। साथै किशोर-किशोरीको प्रजनन स्वास्थ्य अधिकार, निःशुल्क स्यानिटरी प्याड वितरण तथा लागूपदार्थ दुर्व्यसनविरुद्ध व्यापक जनचेतना अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

रोजगारी र आर्थिक अवसर विस्तारको विषयलाई सम्मेलनले विशेष महत्व दिएको छ। युवाहरूले स्टार्टअप तथा नवप्रवर्तनमा आधारित उद्यमलाई सहुलियतपूर्ण ऋण, कर छुट र प्रशासनिक सहजीकरण उपलब्ध गराउनुपर्ने बताएका छन्। कृषि, पर्यटन, वन तथा स्थानीय उत्पादनमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने, वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने तथा सुरक्षित आप्रवासन सुनिश्चित गर्नुपर्ने माग पनि घोषणापत्रमा समेटिएको छ।

जलवायु परिवर्तनका असर कर्णालीमा बढ्दो क्रममा रहेको उल्लेख गर्दै युवाहरूले विपद् प्रभावित क्षेत्रमा ७२ घण्टाभित्र राहत तथा उद्धार सेवा पुग्ने प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने बताएका छन्। वातावरण संरक्षणका लागि 'थ्री आर' नीति (Reduce, Reuse, Recycle) प्रभावकारी रूपमा लागू गर्न, हरित पूर्वाधार विकास गर्न तथा विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने सुझाव दिइएको छ।

सुशासन र लोकतान्त्रिक सहभागिताका सवालमा युवाहरूले निर्णय प्रक्रियामा कम्तीमा २० प्रतिशत युवाको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न माग गरेका छन्। साथै युवा सूचना पोर्टल स्थापना, सरकारी योजनाको पारदर्शी नागरिक अनुगमन प्रणाली विकास तथा युवाको सहभागितामूलक शासन प्रणाली निर्माणमा जोड दिइएको छ।

सम्मेलनले कर्णालीका युवाहरूको साझा आवाजलाई एकीकृत गर्दै जिम्मेवार, समावेशी, प्रविधिमैत्री र लोकतान्त्रिक समाज निर्माणमा युवाको भूमिका निर्णायक हुने निष्कर्ष निकालेको छ। घोषणापत्रमा उठाइएका विषयहरू कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारबीच प्रभावकारी सहकार्य आवश्यक रहेको युवा प्रतिनिधिहरूले बताएका छन्। युवाहरूले सार्वजनिक गरेको घोषणापत्रलाई कर्णालीको भावी विकासको मार्गचित्रका रूपमा समेत हेरिएको छ, जसले युवाका अपेक्षा, आवश्यकता र सम्भावनालाई नीति निर्माणको केन्द्रमा ल्याउने विश्वास गरिएको छ।

# मेयर कप फुटबलको उपाधि वीरेन्द्रनगरलाई, जुम्ला उपविजेता




❐ काँक्रेविहार संवाददाता

सुर्खेत, २१ जेठ

जेठ १६ गतेदेखि वीरेन्द्रनगरस्थित रंगशालामा सुरु भएको कर्णाली प्रदेशस्तरीय प्रथम मेयर कप फुटबल प्रतियोगिता जेठ २१ गते सम्पन्न भएको छ। प्रतियोगिताको फाइनल खेलमा जुम्लालाई १-० गोलले पराजित गर्दै वीरेन्द्रनगर टिमले उपाधिमाथि कब्जा जमाएको हो। घरेलु मैदानमा उत्कृष्ट प्रदर्शन गरेको वीरेन्द्रनगरले निर्धारित समयमा गरेको एकमात्र गोल नै जितका लागि पर्याप्त बन्यो। दुवै टोलीबीच प्रतिस्पर्धात्मक खेल भए पनि वीरेन्द्रनगरले आफ्नो लय कायम राख्दै च्याम्पियन बन्न सफल भयो। उपाधिसँगै वीरेन्द्रनगरले नगद ४ लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। फाइनलसम्म प्रभावशाली यात्रा तय गरेको जुम्ला टोलीले उपविजेतामा चित्त बुझाउँदै नगद २ लाख रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र हात पारेको छ।

छ दिनसम्म सञ्चालन भएको प्रतियोगितामा कर्णाली प्रदेशका विभिन्न जिल्लाका टोलीहरूको सहभागिता रहेको थियो। प्रतियोगिताले प्रदेशभित्र रहेका फुटबल प्रतिभाको पहिचान र खेलकुद विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको कर्णाली प्रदेश फुटबल संघका अध्यक्ष प्रमोद हमालले जनाए।

फाइनल खेलमा खेलप्रेमी दर्शकहरूको उल्लेख्य उपस्थिति रहेको थियो। प्रतियोगिताभर उत्कृष्ट खेल प्रदर्शन गरेका दुवै टोलीको दर्शक तथा खेलकुदकर्मीहरूले प्रशंसा गरेका छन्।

कर्णाली प्रदेशमा खेलकुद संस्कृतिको विकास, युवालाई खेलप्रति आकर्षित गर्ने तथा नयाँ प्रतिभा उत्पादन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगिता सफलतापूर्वक सम्पन्न भएको आयोजकले जनाएको छ।

## पूर्वाधार विकास कार्यालयको सूचना

- यस कार्यालयमार्फत सञ्चालित विकास निर्माण आयोजनाहरूको काम गुणस्तरीय, पारदर्शी र समयमै सम्पन्न गराउन सम्बन्धित निर्माण व्यवसायी, उपभोक्ता समिति तथा सरोकारवाला सबैमा अनुरोध गरिन्छ।
- निर्माण कार्य सञ्चालनका क्रममा मापदण्डविपरीत काम भएको, ढिलासुस्ती भएको वा कुनै अनियमितता देखिएमा यस कार्यालयमा जानकारी गराई सहयोग गरिदिनुहुन अनुरोध छ। नागरिकको सक्रिय सहभागिताले मात्रै विकास निर्माण कार्यलाई प्रभावकारी र जनउत्तरदायी बनाउन सकिन्छ।
- गुणस्तरीय पूर्वाधार निर्माण, समृद्ध दैलेखको आधार।

पूर्वाधार विकास कार्यालय
दैलेख

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२२**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री धनबहादुर वि.क.** धनी रहेको, **दर्ता नम्बर** ४३६३/०७५/०७६ बाट **भेरीगंगा-११, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **जिवन नस्ता पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)